# बोधगम्यताका आधारमा कक्षा 'नौ' को नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन

भुपाल राजवंशी
दोस्रो वर्षको परीक्षा क्रमाङ्कः २०४०००६/(२०६८)
त्रि.वि दर्ता नं.९-२-५८६-४६-२००६

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभागअर्न्तगत
स्नातकोत्तर तह दोस्रो वर्षको (नेपाली शिक्षा ५९८)
पठ्यांशको प्रयोजनका निमित्त प्रस्तुत

शोधपत्र

सन् २०१५/(२०७२)

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र संकाय नेपाली भाषा शिक्षा विभाग
कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा,झापा

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय अर्न्तगत नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत 'बोधगम्यताका आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन' शीर्षकको शोधपत्र शोधार्थी भुपाल राजवंशीले मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँले कडा मिहिनेत र लगनशीलताका साथ तयार पार्नुभएको हुनाले यस शोधपत्रप्रति म पूर्ण सन्तुष्ट छु । प्रस्तुत शोधपत्र मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

श्री तेज प्रसाद खनाल
नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र सङ्काय
कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन-प्राप्त)
कनकाई बहुमुखी क्याम्पस
☎ ०२३-५५०१५३
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
Fax : ०२३-५५०८५३
स्था : २०४७
Email : kanakai.campus47@gmail.com

प.नं.
च.सं.

मिति :..............................

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापा स्नातकोत्तर दोस्रो वर्ष पाठ्यांश नेपा.शि. ५९८ को प्रयोजनार्थ शोधार्थी भूपाल राजवंशीद्वारा तयार पारिएको बोधगम्यताका आधारमा कक्षा नौको नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर उपाधिका निमित्त उपयुक्त ठहरिएकाले आवश्यक मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

| मूल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|
| १. विभागीय प्रमुख : सहप्राध्यापक कोमलप्रसाद पोखरेल | .................... |
| २. बाह्य परीक्षक : प्रा. महेश्वर न्यौपाने | .................... |
| ३. शोध निर्देशक : सहप्रा. तेज प्रसाद खनाल | .................... |

मिति : १५ जुलाई, २०१५
(२०७२/०३/३०)

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्ष (नेपा.शि.५९८) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत शोधपत्र तयार गरिएको छ । बोधगम्यताका आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन शीर्षकमा प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा विभिन्न विद्वान्वर्ग, सहपाठी तथा अग्रज महानुभावहरुबाट प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग, सल्लाह, सुझाव, हौसला तथा प्रेरणा प्राप्त गरिएकाले सम्बद्ध सबैमा कृतज्ञता ज्ञापन गर्दछु । मैले यो शोधपत्र आदरणीय गुरु कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका सहायक प्राध्यापक श्री तेज प्रसाद खनालज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । यसै क्रममा शोधकार्यलाई सफलतापूर्वक सम्पन्न गर्न रचनात्मक सहयोग गर्दै शुद्ध तन, मन, वचन, कर्म र व्यवहारले सरसल्लाह र निर्देशन गरी आफ्नो विद्वत समय खर्चने शोध निर्देशक तथा श्रद्धेय गुरु श्री तेजप्रसाद खनालज्यू प्रति म सर्वप्रथम हार्दिक कतृज्ञता अपर्ण गर्दछु ।

प्रस्तुत विषयमा शोधकार्य गर्न अवसर जुटाउने कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख सहायक प्राध्यापक श्री कोमल प्रसाद पोखरेलज्यू प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी मेरो शोधकार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा सदा प्रेरणा र हौसला प्रदान गर्नुहुने सोही क्याम्पसका आदरणीय गुरुहरु सहायक प्राध्यापक श्री जीवनाथ सुवेदी तथा सहायक प्रध्यापक श्री सेर ब. बानिया र उपप्राध्यापक श्री विष्णु प्रसाद कोइरालाज्यू प्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

यो शोधकार्य मेरो सफलताको उच्च सिँढी हो । यसरी विभिन्न आर्थिक र व्यावहारिक पक्षसँग सङ्घर्ष गरेर आफ्नो अमूल्य श्रम र पसिना खर्ची मलाई यहाँसम्म पुग्ने वातावरण तय गरी विश्व विद्यालयसम्म पुर्‍याउन सफल मेरा आदरणीय बुवा लेङ्सु राजवंशी र आमा लेप्टी राजवंशीप्रति चिर ऋणी छु । सदा इज्जत र प्रतिष्ठाका लागि जीवनमा सङघर्ष गर्नुपर्छ भन्ने नैतिक उपदेश दिँदै सदैव आफ्नो अभिभावकीय भूमिका निर्वाह गरी मेरो अध्ययनलाई

निरन्तरता दिन विशेष सहयोग पुर्‍याउनु हुने आदरणीय भिनाजु श्री रतिलाल राजवंशी र दिदी राधिकाप्रति म हार्दिक कृतज्ञता ज्ञापन एवम् श्रद्धाभाव व्यक्त गर्दछु । यसै गरी मेरो अध्ययनमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुर्‍याउने भाइ रामलाल राजवंशी र बहिनी संन्जिता राजवंशीको योगदानलाई पनि बिर्सन सक्दिन । त्यसैगरी मेरो अध्ययनप्रति चिन्तनशील भई समय समयमा सफलताका लागि घच्घच्याइरहने दिदी विना कार्कीको योगदान पनि  अतुलनीय रहेको छ ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक सल्लाह तथा सुझाब दिएर सहयोग पुर्‍याउने मेरा शुभचिन्तक मित्रहरु यामप्रसाद गुरागाई, अन्जना भट्टराई, कमला कुइकेलप्रति श्रदा सुमन अर्पण गर्दछु । विद्यालयको कामकाजमाथि सामना गर्दै मेरो अध्ययनमा सहयोग गर्नुहुने श्रदेय गुरु श्री प्रेमबहादुर खड्काप्रति हार्दिक कृतज्ञ छु । साथै शैक्षिक दूरदर्शिता बन्नुहुने आदरणीय गुरुहरु दीपक ढुङ्गना, सीताराम थापा गुरुआमाहरु गोमा घिमिरे, कृष्णकुमारी प्याकुरेल, प्रमिला पौडेल र अन्य शुभचिन्तक महानुभावहरुप्रति चिरऋणी रहने छु । त्यसै गरी शोधपत्रका निम्ति तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने सम्पूर्ण विद्यालय परिवारप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । यसै गरी यो शोधपत्रलाई समयमानै टङ्कन गरी सहयोग पुर्‍याउने आइडियल कम्प्युटर सेन्टरलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत द्वितीय वर्षको ५९८ पत्रको प्रयोजनका लागि तयार पारिएको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग समक्ष पेस गरेको छु ।

शोधार्थी

भुपाल राजवंशी

# प्रतिबद्धता पत्र

प्रस्तुत बोधगम्यताका आधारमा कक्षा 'नौ' को नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन शीर्षकको शोधपत्र मैले सम्बन्धित पक्षमा गहन अध्ययन गरी तयार पारेको हुँ । यसमा भएका सवै तथ्यहरु प्रमाणिक छन् । यो मेरो मौलिक प्रस्तुति हो अन्यथा भएमा म कानुनअनुसार दण्डित हुन तयार छु ।

भुपाल राजवंशी
कनकाई बहुमुखी क्याम्पस,
सुरुङ्गा, झापा
एम.एड.दोस्रो वर्ष

## शोधसार

शोध शीर्षकः- बोधगम्यताका आधारमा कक्षा 'नौ' को नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन

शोधार्थीः- भुपाल राजवंशी

शोध निर्देशकः- तेज प्रसाद खनाल

विभाग/क्याम्पसः-नेपाली भाषा शिक्षा विभाग कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापा

शैक्षिक वर्षः- २०६७/०६९

मूलपृष्ठ संख्याः- ४४

अध्यायः- ५

## शोधको उद्देश्य

प्रस्तुत शोधपत्रका निम्न लिखित उद्देश्यहरु रहेका छन् :

- बोधगम्यताका आधारमा कक्षा 'नौ' को नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन गर्नु ।
- भाषिक पृष्ठभूमि र लिङ्गका आधारमा उक्त पाठ्य पुस्तकमा प्रयुक्त कथाको बोधगम्यताको स्थिति पहिल्याउनु ।
- सम्वन्धित कथाहरुको सरल र जटिल क्रम निर्धारण गर्नु ।
- निजी र सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको बोधगम्यताको तुलना गर्नु ।

## शोधको सीमा

प्रस्तुत अध्ययन झापा जिल्लाका सरकारी र निजी गरी जम्मा ६ वटा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा केन्द्रित गरिएको छ । प्रस्तुत शोधमा स्थलगत भ्रमण विधि (क्षेत्रीय अध्ययन विधि)को प्रयोग गरिएको छ । शोधमा ३ गा.वि.स. अर्न्तगतका विद्यालयबाट अनुसन्धान गरिएको छ । जसमा झापा जिल्लाका अनारमनी, चन्द्रगढी र दुहागढी गा.वि.स.रहेका छन् । तोकिएको गा.वि.स. अर्न्तगतका विद्यालयबाट कक्षा 'नौ' का विद्यार्थीलाई नमुना छनोटका रूपमा लिइएको छ ।

## शोध प्रक्रिया

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय नेपाली भाषा शिक्षा विभाग अर्न्तगत एम.एड (नेपा.शि.५९८) पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको हो । बोधगम्यताका आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य हो । यस अन्तर्गत झापा जिल्लाका सामुदायिक र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारमा अध्ययन विश्लेषण गर्ने कार्य गरिएको छ ।

प्रस्तुत शोधपत्रको लागि सामग्री सङ्कलन गर्ने क्रममा प्रथमिक स्रोतको रूपमा झापा जिल्लाका तिन सामुदायिक र तिन निजी विद्यालय १०/१० जना विद्यार्थीहरु गरी जम्मा ६० जना विद्यार्थीहलाई नमुनाका रूपमा लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा पूर्वकार्यहरु सन्दर्भ पुस्तकहरु, पत्रपत्रिकाहरु तथा विभिन्न लेखरचनाहरु रहेका छन् ।

५ अध्यायमा सङ्गठित प्रस्तुत शोधपत्रलाई क्रमशः शोध परिचय, पूर्वकार्यको समीक्षा, अध्ययन विधि, विश्लेषण तथा व्याख्या र सारांश, निष्कर्ष तथा सुझावहरुमा विभाजन गरिएको छ ।

## निष्कर्ष

- मातृभाषी विद्यार्थी हुन् वा विमातृभाषी विद्यार्थी हुन् । नेपालका सामुदायिक विद्यालयका विद्यार्थी, हुन् वा निजी विद्यालयका विद्यार्थी हुन् यी सबै पाठ्य पुस्तकमा प्रयुक्त कथाहरु समान रूपमा बोधगम्य हुने अपेक्षा गरिएको हुन्छ । तर नमुना मा लिइएका त्यस्तो क्षेत्रका विद्यार्थीहरुका लागि प्रस्तुत पाठ्य पुस्तकमा प्रयुक्त कथाहरु त्यस रूपमा बोधगम्य भएको पाउन सकिएको छैन ।

- समग्र विद्यार्थीहरुको बोधगम्यता क्षमता समग्र मध्यमानका आधारमा मापन गर्दा मध्यमानभन्दा माथि बढी प्रतिशत र मध्यमानभन्दा तल कम प्रतिशत देखिएकाले विद्यार्थीहरुको बोधगम्यता क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

- विद्यालयको प्रकृतिको अधारमा समग्र मध्यमान लाई आधार मानेर हेर्दा निजी विद्यालयतर्फ ६७.८८ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र ३२.११ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेको देखिएकाले निजी विद्यालयका विद्यार्थीहरुको बोधगम्यता क्षमता उच्च रहेको पाइएको छ । त्यसैगरी सामुदायिक विद्यालय तर्फका ५०.८६ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र ४९.१३ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेकाले सामुदायिक विद्यालय तर्फका विद्यार्थीहरुको बोधगम्यता क्षमता समान रहेको देखिएको छ ।

- भाषिक पृष्ठभूमिका आधारमा समग्र मध्यमानका आधारमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरुको बोधगम्यता क्षमता मध्यमानभन्दा माथि ७७.३२ प्रतिशत र मध्यमानभन्दा तल २२.६७ प्रतिशत रहनुले मातृभाषी विद्यार्थीहरुको बोधगम्यता क्षमता सन्तोषजनक रहेको देखिन्छ । यसैगरी नेपाली विमातृभाषी विद्यार्थीहरुको बोधगम्यता क्षमता मध्यमानभन्दा ३९.५३ प्रतिशत माथि र ६०.४६ प्रतिशत तल रहनुले दोस्रो भाषी नेपाली विद्यार्थीहरुको बोधगम्यता क्षमता कमजोर रहेको देखिन्छ ।

- विद्यार्थीहरुलाई लैङ्गिक समूहमा बाँडेर हेर्दा समग्र छात्र विद्यार्थीहरुको बोधगम्यता क्षमतालाई समग्र मध्यमानका आधारमा तुलना गर्दा ५९.२७ प्रतिशत छात्र मध्यमानभन्दा माथि र ४०.७२ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहनाले बोधगम्यता क्षमता सामान्य रहेको देखिन्छ । यसैगरी छात्रा ६०.४८ प्रतिशत मध्यमानभन्दा माथि र ३९.५१ प्रतिशत मध्यमानभन्दा तल रहनुले छात्राहरुको बोधगम्यता क्षमता केही उच्च रहे तापनि छात्रछात्राबिच खासै अन्तर नभएको देखिन्छ ।

- प्रस्तुत पाठ्य पुस्तकमा प्रयुक्त कथाहरु दोस्रो भाषी विद्यार्थीहरुका लागि कथाहरुको कठिनाइ स्तरलाई विश्लेषण गरी हेर्दा कठिन भएको देखिन्छ ।

# विषय सूची


## अध्याय एकः शोध परिचय — पृष्ठ

१.१ अध्ययनको पृष्ठभूमि — १
१.२ समस्या कथन — २
१.३ अध्ययनको उद्देश्य — ३
१.४ अध्ययनको औचित्य र महत्तव — ३
१.५ अध्ययनको सीमा — ६
१.६ अध्ययनको रूपरेखा — ६

## अध्याय दुईः पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

२.१ पूर्वकार्यको समीक्षा — ७
२.२ अनुसन्धानमा पूर्वकार्यको उपयोगिता — १६
२.३ भाषा पाठ्य पुस्तकको सैद्धान्तिक परिचय — १७
२.३.२ भाषा पाठ्य पुस्तकमा राखिएका विधाहरु — १८
२.३.२.१ कथाको सैद्धान्तिक परिचय — १९
२.३.३ बोधगम्यताको परिचय — २३

## अध्याय तिन : अध्ययन विधि — २५

३.१ जनसङ्ख्या — २६
३.२ प्रतिनिधि नमुना — २६
३.३ सामग्री निमार्ण — २७
३.४ परीक्षणको कार्यान्वयन — २८
३.५ तथ्याङ्कको सङ्कलन तथा विश्लेषण — २९

## अध्याय चार : व्याख्या तथा विश्लेषण ३२

४.१ हाम्रो नेपाली किताब कक्षा नौ मा प्रयुक्त कथाहरुको सरल र जटिलक्रमको विवरण ३२

४.२.१ मध्यमान तथा प्रतिशत गणनाका आधारमा समग्रता बोधगम्यताको स्थिति ३३

४.२.२ पाठ्य पुस्तकमा प्रयुक्त कथाको बोधगम्यताको तुलनात्मक स्थिति ३५

४.२.२.१ भाषिक पृष्ठभूमिका आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यताको तुलना ३५

४.२.२.२ विद्यालयको प्रकृतिका आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यताको तुलना ३६

४.२.२.३ लिङ्गगत आधारमा कक्षा नौ को नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यताको तुलना ३७

४.२.२.४ सुझावहरु ३७

## अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता ४०

५.१ निष्कर्षहरु ४०

५.१.१ अध्ययनका समस्याहरु तथा कमी कमजोरीहरु ४१

५.२ शैक्षणिक प्रयोजन/उपयोगिता ४३

५.३ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरु ४४

सन्दर्भ ग्रन्थ सूची

परिशिष्टहरु च-ज

तालिका सूची

पृष्ठ

तालिका ३.१ विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरुको छनोट २७

तालिका ४.१ हाम्रो नेपाली किताब कक्षा नौ मा प्रयुक्त कथाहरुको कठिनाइस्तर ३२

तालिका ४.२.१ मध्यमान तथा प्रतिशत गणनाका आधारमा समग्रता
बोधगम्यताको स्थिति ३३

ताालिका ४.२.२.१ भाषिक पृष्ठभूमिका आधारमा कक्षा नौ को
नेपाली किताबमा प्रयुक्त  कथाको बोधगम्यताको तुलना ३५

तालिका ४.२.२.२ विद्यालयका प्राकृतिका आधारमा कक्षा नौ को
नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यताको तुलना ३६

तालिका ४.२.२.३ लिङ्गगत आधारमा कक्षा नौ को
नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यताको तुलना ३७

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| अ.प. | अप्रकाशित |
| क्र.सं. | क्रमसङ्ख्या |
| दो.स. | दोस्रो संस्करण |
| ते.स. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्व विद्यालय |
| ने.वृ.श. | नेपाल वृहत शब्दकोष |
| ने.रा.प्र.प. | नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान |
| ने.भा.शि.वि | नेपाल भाषा शिक्षा विभाग |
| मा.वि. | माध्यमिक विद्यालय |
| प्रा. | प्राध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पा.वि.के | पाठ्यक्रम विकास केन्द्र |
| वि.सं. | बिक्रम संम्वत |
| स. | सम्पादक |